# वीरगन्ज राजपत्र

स्थानीय सरकार

वीरगन्ज महानगरपालिका द्वारा प्रकाशित

खण्ड (२) वीरगन्ज जेष्ठ महिना २५ गते २०७५ साल संख्या ३

भाग– २

वीरगन्ज महानगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१)(२) बमोजिम वीरगन्ज महानगरपालिकाको नगर सभा र नगर कार्यपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड र नगर कार्यपालिका बैठकका निर्णय तथा महत्त्वपूर्ण सूचनाहरु समेतलाई सोही ऐनको दफा १०२(३)बमोजिम राजपत्रमा प्रकाशन गर्नुपर्ने भएकाले तल लेखिए बमोजिमको कार्यविधि बनाइ सर्वसाधारणको जानकारीको लगि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको कार्यविधि नं – ३

कार्यविधिको नाम – वीरगन्ज महानगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७५

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिमगाउँपालिकातथानगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधितथा मापदण्ड स्थानीय राजपत्रमाप्रकाशनगर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्रप्रकाशनगर्ने मितिनिर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्थागर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्रप्रकाशनगर्नेअधिकारीको सम्बन्धमाव्यवस्थागर्न, स्थानीय राजपत्रको अभिलेख तथामूल्यनिर्धारण र बिक्री वितरणको प्रबन्ध गर्नका लागि वीरगन्ज महानगरपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग- १

## प्रारम्भिक

**१.कार्यविधिको नामः** यस कार्यविधिको नाम वीरगन्ज महानगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ रहेको छ ।

**२.कार्यविधिलागू हुने:**यो कार्यविधि वीरगन्ज महानगरपालिकाको नगरकार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## भाग-२

## स्थानीय राजपत्रको भाग र ढाँचा

**३.स्थानीय राजपत्रको भागहरुः** वीरगन्ज महानगरापालिकाले राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

**४.स्थानीय राजपत्रको ढाँचा:** वीरगन्ज महानगरपालिकाको राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुने छ ।

५.**खण्डको व्यवस्था:** वीरगन्ज महानगरपालिकाको राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमश:जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिने छ ।

**६.स्थानीय राजपत्रको संख्या:**

(१)वीरगन्ज महानगरपालिकाको राजपत्रको संख्याकायमगर्दा क्रमश: संख्या कायम गरिने छ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली वर्षलाई आधार मानी सो वर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमश: संख्या राखी अर्को वर्ष सुरु भएपछि नयाँ संख्याबाट सुरु गरिने छ ।

**७.वीरगन्ज महानगरपालिकाको राजपत्रमा प्रकाशन गर्ने सामग्री:**

वीरगन्ज महानगरपालिकाको राजपत्र प्रकाशनगर्दा विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावना देखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिने छ ।

**८.वीरगन्ज महानगरपालिकाको राजपत्र प्रकाशन गर्ने अधिकारी:**

वीरगन्ज महानगरपालिकाको राजपत्र वीरगन्ज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुने छ । यसरी प्रकाशनगर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र वीरगन्ज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिने छ ।

## भाग-३

## वीरगन्ज महानगरपालिकाको राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

**९.वीरगन्ज महानगरपालिकाको राजपत्र प्रकाशनको जिम्मेवारीः**

(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई वीरगन्ज महानगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्ने छ ।

(२) उपदफा (१)बमोजिमतोकिएको शाखा वा एकाइबाट मात्र वीरगन्ज महानगरपालिकाको राजपत्र प्रकाशन गरिने छ ।

**११.प्रकाशन पूर्व सम्पादन गर्नुपर्नेः**

(१) प्रकाशन हुने सामग्री महानगर कार्यपालिकाको कानुन सम्बन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिने छ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईने छ ।

**१२.वीरगन्ज महानगरपालिकाको राजपत्रको अभिलेख व्यवस्थापनः**

(१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम वीरगन्ज महानगरपालिकाको राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुटै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिने छ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिने छ ।

**१३ निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** :

महानगरपालिकाले वीरगन्ज महानगरपालिकाको राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइने छ :

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीयमा मिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) महानगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा,र

(ङ) महानगरपालिकाका प्रत्येक वडा कार्यालय

**१४.वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः**

महानगरपालिकाबाट प्रकाशित राजपत्रलाई महानगरपालिकाको वेभसाइटमा छुट्टै खण्ड ( अलगपोर्टल)निर्माण गरी सोबाट समेत सार्वजनिक गरिने छ ।

**१५.विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः**

(१) प्रकाशित राजपत्र महानगरपालिकाका वडाहरु र स्थानीयतहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइने छ ।

(२) वीरगन्ज महानगरपालिकाको राजपत्रको देहाय बमोजिमको बिक्री मूल्यनिर्धारण गरिएको छ :

(क).वार्षिक सदस्य बनाई बिक्रीगर्दाः

वडा कार्यालय वामहानगरपालिकाबाट बुझिलिने गरी वार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा वार्षिक रु. १२००/-( एक हजार दुई सय मात्र)

(ख).खुद्रा बिक्री गर्दा : वीरगन्ज महानगरपालिकाको राजपत्रको सदस्य नभएको कुनै व्यक्तिवा संघ संस्थाले वीरगन्ज महानगरपालिकाको राजपत्रलिनचाहेमा देहायबमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.१०मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.२०मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.३०मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.५०मात्र

- ५७ देखि ७२ सम्म एक प्रतिको रु.७५मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.१००मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज ५० पैसाका दरले थप शुल्क लिइने छ ।

**१६.<u>बिक्रीबाट प्राप्तरकम सञ्चित कोषमा जम्मा गर्ने :</u>**राजपत्र बिक्री बापत प्राप्त राजश्व महानगरपालिकाको सञ्चित कोषमा जम्मा गरिने छ ।

१७.**<u>कार्यविधिको व्याख्या:</u>** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा वीरगन्ज महानगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुने छ ।

**<u>१८ बचाऊः</u>** यो कार्यविधि लागू हुनु भन्दा अगावै महानगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधिवा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिने छ ।

## अनुसूची-१

(दफा३ सँग सम्बन्धित)

### स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

**भाग-१**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिने छ ।

**भाग-२**

यस भागमा महानगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथाअर्को स्थानीय तहसँग भएका सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

भाग–३

यस भागमा महानगर कार्यपालिकाबाट भएका निर्णय, महत्वपूर्ण सूचना, विज्ञप्ति, अधिकार प्रत्यायोजन, पदपूर्ति सम्बन्धी सूचना, अधिकृतस्तरका कर्मचारीको नियुक्ति, सरुवा, बढुवा र त्यस्तै प्रकृतिका नियुक्ति सम्बन्धी विवरण प्रकाशन गरिने छ ।

## अनुसूची- २

(दफा४तथा अनसूची-१को भाग-१ सँग सम्बन्धित)

स्थानीय सरकार

वीरगन्ज महानगरपालीका

# वीरगन्ज राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

**भाग-१**

**वीरगन्ज महानगरपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुखप्रशासकीयअधिकृत

## अनुसूची २

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

स्थानीय सरकार

वीरगन्ज महानगरपालिका

# वीरगन्ज राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

**भाग-२**

**वीरगन्ज महानगरपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीयअधिकृत

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।०१।२३**

**प्रमाणीकरण मितिः २०७५।०२।२५**

आज्ञाले,

डा. भीष्मकुमार भूसाल

प्रमुख प्रशासकीय अधिकृत